मुक्तिनाथ दर्पण

अर्धवार्षिक बुलेटिन

♦ २०७० कार्तिक ♦ वर्ष ३ ♦ अंक २

आधुनिक बैंकिङ्ग | ग्रामीण बैंकिङ्ग | लघुवित्त बैकिङ्ग

एकैसाथ सञ्चालन गर्ने नेपालको पहिलो वित्तीय संस्था

मुक्तिनाथ विकास बैंक लिमिटेड

MUKTINATH BIKAS BANK LIMITED

केन्द्रीय कार्यालय
पोखरा-९, पृथ्वीचोक
फोन नं.: ०६१-५२२७८६, ५२२७८७
फ्याक्स: ०६१-५३७९५२, ५२४१९२
Email: info@muktinathbank.com.np

लघुवित्त विभाग
पोखरा-९, पृथ्वीचोक
फोन नं.: ०६१-५३८०३९
फ्याक्स: ०६१-५२४१९२
Email: mfd@muktinathbank.com.np

Website: www.muktinathbank.com.np

गरीबी निवारणमा लघुवित्त

✍ हरि कृष्ण जोशी

माइक्रोफाइनान्स शब्दको प्रचलनको कुरा गर्ने हो भने सन् २००५ यताबाट बढी चर्चामा आएको हो । माइक्रोफाइनान्स शब्द आउनु पूर्व माइक्रो क्रेडिटको नामले यसलाई पुकार गरिन्थ्यो । सन् २००५ लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय लघुवित्त वर्षका रूपमा घोषणा गरेको थियो । चरम गरिबी भएको मुलुक बङ्गलादेशबाट आरम्भ भएको ग्रामीण बैङ्किङ्ग प्रगालीले नै लघुकर्जा शब्दको शुभारम्भ गराएको थियो । पछि यहि लघुकर्जा प्रयोगमा आएपछिमात्र विश्वभर लघुवित्तले मान्यता पाएको हो ।

विश्वमा प्रायः मुलुकले यसलाई अपनाइसकेका छन् र सहश्राब्दी विकास लक्ष्य २०१५ मा गरिबी निबारणको मुख्य औजारको रूपमा हेरीएको छ तर अझै पनि हाम्रो जस्तो विकासोन्मुख मुलुकमा विपन्न परिवारको माग अनुसारको संस्थागत वित्तीय सेवा पुग्न सकेको छैन । हाल नेपालमा विपन्नताको उल्लेखित अनुपातलाई क्रमशः कम गर्दै लैजान आवश्यक कोषको ब्यवस्था एवम् स-साना बचतको परिचालन समेत गरी मुख्यतया ग्रामीण तथा विपन्न क्षेत्रमा आय, रोजगार र ब्यवसायमूलक कार्यक्रम सञ्चालनका लागि सो क्षेत्रमा एकातिर कर्जाको पहुँच पुऱ्याउने कार्य गर्न आवश्यक देखिएको छ भने अर्कातिर विपन्न वर्गमा आत्मविश्वासको वातावरण सिर्जना गरी उनीहरूलाई आर्थिक तथा सामाजिक रूपमा सवल र सक्षम बनाउने कार्यनीति अवलम्बल गर्न आवश्यक हुन आएको छ ।

आज लघुवित्त वित्तीय क्षेत्रकै एउटा बेग्लै उद्योगको रूपमा चिनिन थालेको छ जसको माध्यमबाट देशमा रहेका गरिबी र बेरोजगारी हटाउनको लागि एउटा प्रमुख औजारको रूपमा लिने गरिएको पाइएको छ । नेपालमा ग्रामीण विकास बैंकको स्थापना पश्चात् मात्र लघुवित्त वास्तविक रूपमा आरम्भ भएको मानिने गरिएको छ र आजका मिति सम्म यो क्षेत्र निकै फराकिलो भएको छ । नेपालका लघुवित्त परम्परागत रूपमै चलिरहेको छ जसको परिणाम स्वरूप संख्या ठूलो देखिएता पनि वास्तवमा बैंकिङ्ग पहुँच सोचे रूपमा पुग्नसकेको छैन ।

प्रोफेसर मोहम्मद युनुसले कर्जा अधिकार हो भन्ने मान्यतालाई आत्मसात गरी गरिएको कार्यक्रमको हाम्रो देशको लघुवित्त केन्द्रित ठाउँमा भने फेसनको रूपमा कर्जालाई प्रयोग गरेको देखिन्छ जहाँ सदस्यहरूलाई कर्जा प्रबाह गरी उद्यमी र इलमी बनाउने ठाउँमा सस्थाहरूको अस्वस्थ प्रतिस्पर्धाले एउटा संस्थाको किस्ता तिर्न अर्को संस्था सँग लिएको ऋण प्रयोग गर्ने गरेको समेत पाइएको छ । कुनै दिन यस्तो आउन सक्छ सबै संस्थाहरूको असूली नहुने र स्वयं किसान कर्जाको भूमरीमा फसिरहने । तसर्थ "Preventation is better than cure" भनेझैं अस्वस्थ प्रतिस्पर्धा र सुविधा भोगी नभई बिपन्न परिवारलाई कार्यक्रममा आबद्ध गराई उद्यमी र इलमी बनाउँदै आत्मनिर्भरताको बाटो तिर डोऱ्याउनु पर्छ न कि परनिर्भरता बनाउँदै अन्त्यमा गरिबीको भासमा डोऱ्याउनु हुदैन ।

गरिब तथा बिपन्न परिवार सँग भएकै एउटैमात्र साधन र स्रोत भनेको श्रम मात्र हो तसर्थ उक्त श्रमलाई आय आर्जनमा परिणत गर्दै आर्थिक अवस्था सक्षम तथा सफल बनाउदै गरिबी निवारणमा टेवाका साथै समाजमा रहेको विकृतिमा समेत कमी ल्याउन सके मात्र लघुवित्त वास्तवमै समाजमा परिवर्तनको संवाहक बन्न सक्छ । तसर्थ विश्वव्यापी रूपमै गरिबीसँग लड्ने गरेको लघुवित्त कार्यक्रमलाई सही र इमान्दारीपूर्वक हामी सबैले प्रयोग गऱ्यौं भने यस क्षेत्रले पनि हाम्रो समाजमा सकारात्मक प्रभाव पार्ने कुरामा कसैको दुईमत छैन ।

(यो लेखमा उल्लेखित विषयवस्तु लेखकको व्यक्तिगत विचार हो ।)

बैंकको प्रगति विवरण

(२०७० आश्वीन मसान्तसम्मको विवरण)

सूचकहरु	बैंकिङ्ग तर्फ	लघुवित्त तर्फ	कुल
कार्यालय संख्या	१८	२६	४४ (डेस्क कार्यालयसहित)
वचतकर्ता संख्या	५३,४६९	५०,५३१	१,०४,०००
ऋणी संख्या	२,१८०	३४,३१३	३६,४९३
लगानीमा रहि रहेको कर्जा	२,५२४,६२५,४४८/-	८१,४७,३४,९९२/-	३,३३९,३६०,४४०।००
बाँकी निक्षेप /बचत	३,४७६,५४५,०८४।४९	४८,८२,८३,९४२/-	३,९६४,८२९,०२६।४९
कर्मचारी संख्या	१६५	१६८	३०३
समेटेको गा.वि.स/न.पा.		१७५	१७५

"अरुलाई उज्यालो दिनेले आफू जलेर देखाउनु पर्छ ।"

साईकलदेखि गाडीसम्म : व्यवसायी पौडेल परिवार

✍ रेशम न्यौपाने

कथा पौडेल दम्पतिको हो जसले सानो व्यवसाय शुरू गरेर हाल गाडी मालिक बनेका छन् । मेहनत गरे अवश्य सफल हुन सकिन्छ भन्ने सन्देश उनीहरूको जीवन कथाबाट लिन सकिन्छ ।

स्याङ्गजा जिल्ला विचारीचौतरा गा.वि.स. वडा नं ६ मा वुवा नन्दलाल पौडेल र आमा नन्दकली पौडेलको तेस्रो सन्तानको रूपमा रामु पौडेलको जन्म भएको थियो । दैवले ३ वर्षको उमेरमा आमा र ११ वर्षमा वुवालाई लगिदिए । भएका १ दाइ पनि १२ वर्षको उमेरमा घर छोडी वेपत्ता भए । त्यसपछि त उनको वाल्यअवस्था पूर्णतः टुहुरो र निसहाय बन्न पुग्यो । उनी टुहुरो भै सकेपछि बाँच्ने सहारा दिदी हरिकला बरालको जिम्मामा आयो रउनी दिदीको घर पुम्दीभुम्दी, कास्कीमा बस्न वाध्य भए । दिदीको घरमा बसी ५ कक्षा सम्मको अध्ययन गरे । पढाइमा त्यति रूची देखाएनन् रामुले भने टुहुरो भाइलाई धेरै हप्काई दप्काई स्कुल पठाउन कर पनि गरिनन् दिदीले । यसरी दिदीको माया तथा परिवारको कुनै नियन्त्रण नभएपछि उनी घर छोडी हिड्ने प्रयासमा लागे । त्यसो त दाइ जस्तै भाइले पनि घर छोडी वेपत्ता हुने हो कि भन्ने चिन्ता दिदीभिनाजुलाई लाग्यो र बरू छिमेकीसँग भारत पठाइदिने निर्णय गरी १५ वर्षको उमेरमा रामुलाई भारत पठाइदिए । रामुले भारतमा भारतिय रू. १२५/- मासिक पारिश्रमिक लिई होटलमा भाँडा माझ्ने काम गरे । विस्तारै होटलमा अन्य काम पनि सिक्दै गए र २,०००/- भारतिय रूपैंया सम्म मासिक आम्दानी गरे । यसरी २-३ वर्षको अन्तरालमा दिदीको घरमा नै आउने जाने गर्न थाले । यस बीचमा रामुले गाँउमा आफूलाई एक मेहनती र ईमान्दार व्यक्तिको

रूपमा पहिचान गराइसकेका थिए । फलस्वरूप कास्की जिल्ला पुम्दीभुम्दी गा.वि.स. वडा नं ७ का वुवा देवीलाल बराल र आमा तारा बरालको कांईली छोरीको रूपमा जन्मेकी भवानीसंग दाम्पत्य साइनो गांस्ने अवसर जुऱ्यो । २०५० सालमा विवाह हुँदा रामु २४ वर्षका थिए भने भवानी २१ वर्षकी थिईन् ।

ववाह पश्चात् दाम्पत्य जीवनलाई अगाडि बढाउने क्रममा रामु जोडी नोकरीको सिलसिलामा पुनः भारत गए । रामुले भारतमा एकदुध डेरीमा नोकरी गरी जिउने आधार बनाए । जसमा उनले करिव नेपाली रू. ४,०००/-तलब पाउथे तर त्यस तलबले खान बस्न पनि धौ-धौ भयो रामु जोडीलाई । आम्दानी बढाउन रामुले नोकरी छोडी आफैं गाउँबाट दुध संकलन गरी डेरीमा बेच्ने निर्णय गरे र दुध डेरी सञ्चालकहरुको सहयोगले गाउँबाट दुध संकलन गरी सोही डेरीमा दुध विक्री गर्न थाले । जसबाट उनको मासिक आम्दानी नेपाली रू. १२ हजार देखि १५ हजार सम्म हुन थाल्यो । समय वित्दै जाँदा भारतमा नै १ छोरा र १ छोरीलाई जन्म दिए रामु जोडीले । आठ वर्ष सम्मको भारत बसाईमा करिव ५ लाख रूपैया जम्मा गरेका थिए पौडेल परिवारले तर एक्कासी ७ वर्षको छोरो विरामी भई उपचारमा सबै पैसा खर्च भयो ।

आठ वर्ष भारतमा बस्दा आर्थिक रूपमा कुनै उन्नति हुन नपाए पछि दिक्क मानेर बरू आफ्नै देशमा गई दुवै जनाले केही गर्ने सल्लाह गरी २०५८ सालमा लेखनाथ न.पा. ३ स्थित विजयपुरमा आई बस्न थाले । पौडेल दम्पतीले नजिकैको कर्माचार्य प्लाष्टिक कम्पनीमा जागिर गर्न थाले । सानो जागिरले ४ जनाको परिवारको हातमुख जोड्न मात्र ठिक्क भयो । केही बचत हुन सकेन । फलस्वरूप रामुले अब पुनः विदेश पलायन भई विदेशबाट धेरै धन कमाएर परिवारलाई सुखी पार्ने निधो गरे । उनी २०६२ सालमा कतार गए । ३ वर्षको कतार बसाई पछि पुनः साउदी गए । साउदीमा भनेजस्तो काम र दाम नपाएपछि २ महिनामा फिर्ता भएर अफगानिस्तान जाने र मोटो रकम कमाउने सपना देखी कतारमा रहँदा कमाएको २ लाख दलाललाई बुझाए तर पछि दलाल नै समस्यामा परी अफगानिस्तान पुऱ्याउन सकेन । यसरी रामुको विदेश जाने लहडले कहीकतै पनि

सफलता नहुनु र यहाँ पनि कुनै आम्दानीको बाटो नहुनाले पौडेल परिवारलाई परिवार धान्न धौ-धौ पऱ्यो । यसरी आम्दानीका बाटाहरु खोज्दै भौंतारिएका पौडेल परिवारसँग आफ्नो कार्यक्रमको बारेमा जानकारी दिँदै हिडेका मुक्तिनाथ विकास बैंक, लघुवित्त विभाग अर्न्तगतको अर्घौं ईकाइ कार्यालयका कर्मचारीबीच संयोगवश भेट भयो । महिलाहरुलाई समूह जमानीमा विनाधितो कर्जा उपलब्ध हुने लगायतका विविध विषयमा कर्मचारीले बताएपछि पौडेल परिवारलाई के खोज्छस् कानो आँखो भने जस्तो भयो । रामुले आफ्नी पत्नी भवानी समेतको सक्रियतामा २०६७ भाद्रमा लघुवित्त कार्यक्रमको प्रक्रिया पूरा गरी २० जनाको केन्द्र (केन्द्र नं. ४२८६) गठन भयो । सोही महिनामा भवानीले रू. २०,०००/- कर्जा लिई एउटा टंकीमा (घुम्टी) किराना सामानहरु राखी व्यवसाय शुरू गरिन् । भवानीको व्यवसाय दिनप्रतिदिन फस्टाउँदै जान थालेपछि व्यवसायलाई नै निरन्तरता दिने निश्चय गरे दुबै जनाले । श्रीमान्ले रू. ३,५००/- मा एउटा पुरानो साईकल खरिद गरे र सो साईकलमा सामान राखी पसल-पसलमा सामान बिक्रि गर्न थाले भने भवानीले किराना पसल । यसरी दुई जनाको व्यवसायबाट दैनिक रू.७००/- खुद नाफा हुन थाल्यो । यस व्यावसायबाट प्रोत्साहित भई भवानीले किराना व्यवसायको लागि दोस्रो कर्जा साधारण र विशिष्ट गरी रू. ६०,०००/-, सोही प्रयोजनको लागि तेस्रो कर्जा रू. ८०,०००/- र चौथो कर्जा रू. १,००,०००/- लिएर सोही व्यवसाय वृद्धि गरी नै रहिन् ।

उता रामुले दिनप्रतिदिन ग्राहक संख्या बढाइ व्यापार वृद्धि गरे । ग्राहक संख्याको वृद्धिसँगै उनलाई ग्राहकको माग पूरा गर्न गाह्रो भइरहेको थियो । साइकलको भरमा एकै दिनमा सबै ठाउँमा पुग्न सकिदैनथ्यो । तसर्थ एउटा मोटरसाइकल किन्ने निधो गरे र सोको लागि भवानीले कर्जाको कारोवार गर्दै आएको मुक्तिनाथ विकास बैंकलाई अनुरोध गरिन् । लघुवित्त कार्यक्रममार्फत मोटरसाईकलमा लगानी नहुने भएकोले इकाई कार्यालय अर्घौंको सिफारिस अनुसार आधुनिक बैंकिङ्ग शाखा कार्यालय गगनगौंडाबाट रू. १ लाख कर्जा लिए र बाँकी पैसा आफैले लगानी गरी रू. १ लाख ४७ हजार पर्ने मोटरसाईकल खरिद गरे । यसबाट ग्राहकलाई सेवा प्रदान गर्न एवं थप ग्राहक विस्तारको लागि धेरै नै सहज भयो । मोटरसाईकलमा सामान राखी बिक्री गर्दा दैनिक नाफा रू. १,०००/- हुन थाल्यो । यसरी साईकल हुँदा र मोटरसाईकल हुँदाको आम्दानी दोब्बर भएपछि उनमा व्यवसाय बढाउने थप हौसला जाग्यो । बैंकले असल व्यवसायीलाई आवश्यकता र परियोजना अनुसार जति पनि ऋण दिँदो रहेछ भन्ने थाहा भएपछि पौडेल परिवारलाई व्यवसाय अझ वृद्धि गर्न एक गाडीको आवश्यकता महशुश गरे । त्यसको लागि उनले गगनगौंडा शाखामा सम्पर्क गरी २०७० भाद्र महिनामा रू.७,५०,०००/- ऋण लिई रू. १२ लाखको सामान बोक्ने गाडी लिएका छन् । अहिले गाडीबाट मात्र दैनिक खुद नाफा रू. ३,०००/- र भवानीले संचालन गर्ने पसलबाट दैनिक रू. ५००/- खुद नाफा हुने गर्दछ ।

यसरी राम्रो जीवनयापनका लागि कहिले विदेश जाने त कहिले स्वदेशमा जागीर खाने गरेर आयआर्जनका बाटाहरु खोज्दा-खोज्दै थकित पौडेल परिवार हाल आफ्नै व्यवसायमा रमाइरहेको छ । श्रीमान्को सानो नोकरीको भरमा परिवार धान्नु परेको भए आज हातमुख जोड्न पनि धौ-धौ हुन्थ्यो होला । त्यसैले मैले पनि केही न केही आयआर्जन गर्ने काम गर्छु भनेर किराना पसल व्यवसाय शुरू गरे भवानी बताउँछिन् । श्रीमान्ले साईकलमा सामान राखी पसल-पसलमा सामान बेच्न थाल्नुभयो । जुन साइकलबाट शुरू गरेको व्यवसायलाई विस्तार गर्दै मोटरसाइकल र आज गाडीमा सामान बेच्न पाइएको छ । यसले जीवनयापनमा सहज त छँदैछ भने अर्कोतर्फ सफल व्यवसायीको रूपमा परिचित हुन पाइएको छ, व्यवसायी भवानीले बताइन् । यसैगरी हिजो एक नयाँ साइकल खरिद गर्न नसकेर पुरानो साईकल खरिद गरी शुरू गरेको व्यवसायमा मुक्तिनाथ विकास बैंकको सहकार्यबाट नयाँ गाडी खरिद गरी व्यवसाय विस्तार गर्न सकेकोमा दंग छन् रामु दम्पती ।

मुक्तिनाथ लघुवित्त मार्फत् रू. २,६०,०००/- र आधुनिक बैंकिङ्ग शाखाबाट रू. ८,५०,०००/- गरी कुल रू. ११,१०,०००/- कर्जा परिचालन गरिसकेका छन् । शुरूको दिनमा रू. २०,०००/-को किस्ता कसरी तिर्ने होला भनेर डराउने पौडेल परिवारको परिपक्वता र आत्मबल क्रमशः वृद्धी हुँदै गएको छ । उनीहरुलेहाल मासिक रू. ४७,०००/- को हाराहारीमा किस्ता तिर्ने गर्दछन् भने व्यवसायमा झण्डै रू. २० लाखको लगानी पुऱ्याएका छन् । लेखनाथ-३ स्थित विजयपुरमा डेरामा बस्दै आएका पौडेल परिवारले सोही ठाउँमा वार्षिक रू. १८,०००/- तिर्ने गरी जग्गा भाडामा लिई रू. ३ लाखमा आफू बस्ने घर निर्माण गरेका छन् । विभिन्न स्थानीय सहकारी संस्थाहरुमा करिव रू. ५०,०००/- बराबरको शेयर खरिद गरेका छन् । छोराछोरी दुवै १२ कक्षा पढ्छन् । उनीहरुको मासिक शुल्क रू. ३,०००/- लाग्ने गर्दछ । घरबाट केवल रित्तो हातखुट्टा मात्र लिएर निस्केका पौडेल दम्पतिले हाल सहज रूपमा पारिवारिक जीवनयापन गर्न सकेकोमा गर्वको अनुभूति गर्दछन् । विगतको आफ्नो दुरावस्थाबाट यहांसम्म आइपुगेका रामु र भवानीको हिम्मत र आत्मबलबाट सिक्नु पर्ने पाठहरू धेरै छन् ।

बैंकको नयाँ शाखा विस्तार

मुक्तिनाथ विकास बैंक लि. ले २०७० जेठ १४ गतेदेखि बुटवलमा, २०७० आश्विन १४ देखि पर्वतको कार्कीनेटा र २०७० आश्विन १९ गतेदेखि चापाकोट स्याङ्गजामा आधुनिक बैंकिङ्ग शाखा विस्तार गरी सेवा सञ्चालनमा ल्याएको छ । यसै गरी आगामी कार्तिक मसान्त सम्ममा पोखरा चिप्लेढुङ्गा र भैरहवा गल्लामण्डीमा आफ्नो शाखा विस्तार गरी वित्तीय सेवा प्रवाह गर्ने योजनामा रहेको छ । साथै बैंकले यसै अवधिमा बैंकिङ्ग शाखा कार्यालय नारायणगढ, बाग्लुङ्ग, बुटवल, बयरघारी र नयाँपुलबाट समेत लघुवित्त सेवा प्रदान गर्न डेस्क कार्यालय खडा गरी लघुवित्त सेवा सञ्चालनमा ल्याएको छ ।

ABOUT MICROFINANCE

Ashraj Khanal

History of Microfinance : Global Perspective

Mainly after the 1970s, some personal attempts had been made to build microfinance institutions, like ACCION (This institution had been established by a law student of Latin America to help the poor people residing in the rural and urban areas of the Latin American countries. Today, in 2012, it is one of the most important microfinance institutions of the world. It's network of lending partner comprises not only Latin America but also US and Africa.), SEWA Bank (In 1973, the Self Employed Women's Association of Gujarat (in India) formed a bank, named as Mahila SEWA Cooperative Bank, to access certain financial services easily. Almost 4 thousand women contributed their share capital to form the bank. Today the number of the SEWA Bank's active client is more than 1,00,000.), Grameen Bank (Bangladesh) was formed by the Nobel Peace Prize (2006) winner Prof. Muhammad Yunus in 1983. This bank is now serving almost 400,0000 poor people of Bangladesh. Not only that, but also the success of Grameen Bank has stimulated the formation of other several microfinance institutions like, ASA, BRAC and Proshika. etc. Before that, several institutions had been working in many countries but the effect was too small.we will mainly concentrate on the post 1970 era.In the late 1970s, the concept of microfinance had evolved.

Although, microfinance has a long history from the beginning of the 20th century we will concentrate mainly on the period after 1960. Many credit groups have been operating in many countries for several years, for example, the "chit funds" (India), tontines" (West Africa), "susus" (Ghana), "pasanaku" (Bolivia) etc. Besides, many formal saving and credit institutions have been working for a long time throughout the world. During the early and mid 1990s various credit institutions had been formed in Europe by some organized poor people from both the rural and urban areas. These institutions were named Credit Unions, People's Bank etc. The main aims of these institutions were to provide easy access to credit to the poor people who were neglected by the big financial institutions and banks. In the early 1970s, few experimental programs had started in Bangladesh, Brazil and some other countries.

Nepalese Context: Nepal is one of the poorest country in the world and the poorest in the South Asia region. Its poverty reduction rate is low. The main reasons for this low poverty reduction rate are: (i) low per capital income, (ii) concentrated urban growth, and (iii) high population growth rate. Out of a population of 23 million, 38% are in below the poverty line. Most of the poor people live in rural areas and have little opportunity. Micro-finance could help poor people who have no collateral, but a willingness to work and a desire to do some business activities from which he/she will acquire employment as well as income. Although many programmes have been implemented for poverty alleviation in Nepal, only micro-finance programs are seen as a poor targeted and rural based.

In Nepal agriculture based co-operatives were initiated in the 1950s as a first step in micro-finance. Poverty alleviation rural based programs were initiated through the small farmers development program (SFDP) on a pilot test basis in 1975 by the ADB/N. The success of the pilot tests in Dhanusa and Nuwakot districts encouraged policy makers to expand formal rural based micro-finance programs. The SFDP is now being transformed into several autonomous, self-help organizations called Small Farmers Cooperatives Limited (SFCLs), which are managed by farmers themselves. Other micro-finance development programs, such as Priority Sector Lending Program (PSLP), Intensive Banking Programme (IBP), Production Credit for Rural Woman (MCPW) and Rural Self-

Reliant Fund (RSF) have been implemented. After studying of various microfinance development programs government began to rethink the delivery mechanisms of micro-finance. In 1992, government set-up two Grameen Bikash Banks as a replication of the Bangladesh Grameen model of micro-finance delivery. Government also created a situation to encourage participation in the micro-finance by the private sector. Subsequently Nirdhan, CSD, Chhimek and other organisations came into existence. RMDC was also established to support micro-finance institutions by giving wholesale credit, initiating training and other necessary support to the MFIs. Some Government directed Programs (TLDP***, Bishweshwor with poor,*** PAPWT, Community Ground water project, etc.) have been implemented in coordination with NRB.

Muktinath Bikas Bank Ltd as 'B' class development Bank has play initiative role to provide microfinance services taking approval from the Central Bank in Baisakh 2065. Muktinath Bikas Bank Ltd currently operates in the six districts. In accordance with Vision 2015, MBBL has planned to operate across the 10 district of Western & Mid region of Nepal with a focus on rural regions underserved by microfinance institutions and where a large number of poor households lack access to financial services. Microfinance Department's core activity is making small loans to target clientele for income generating purposes using group methodology. Effective client targeting, streamlined loan processes, and strict credit discipline are all needed to enable MNBBL's Microfinance programme to meet its dual purpose objectives of financial self-sustainability and outreach to our target clientele of rural poor. The bank has provided the microfinance services to fifty-two thousand poor households and their dependence through twenty five service offices. Among Branches One hundred sixty eight Staffs under Microfinance department are dedicated for income generation of the poor, asset less, marginalized, the exploited and desperate people of those areas through microfinance programme. Bank strongly believes that bank should go to the doorsteps but not people coming to bank So bank has planned extending the financial services among all the people of Ten districts by covering all the VDC through Microfinance program.

(यो लेखमा उल्लेखित विषयवस्तु लेखकको व्यक्तिगत विचार हो ।)

बैंक प्रतिको समर्पण

✍ **माया देबी भण्डारी**

फलोस फुलोस है मुक्तिनाथ ।
महिलाको जीवन हो मुक्तिनाथ ।।
बढ्ने छ अगाडी यो मुक्तिनाथ ।
फैलाउने छ विकास यो मुक्तिनाथ ।।

गाउँ सहर टोलमा यो मुक्तिनाथ ।
सदा सदैव दिन्छ महिलाको साथ ।।
विकास गर भन्छ मुक्तिनाथ ।
अन्याय छोड भन्छ मुक्तिनाथ ।।

महिलालाई सुहाउदो रहेछ ब्याज यसमा ।
महिला सहभागी हुनु पर्छ जसमा ।।
गरौं है विकास महिला जुटेर ।
अन्याय हटाउँ है महिला उठेर ।।

ल्याउनु छ इनाम केन्द्र गोष्ठी गएर ।
सबै महिला हामी एक जुट भएर ।।
समयमा उपस्थित हुनु पर्छ हामी ।
समय नै ठूलो चिज भनेर जानी ।।

यसलाई खेलवाड कसैले नठान्नु ।
अन्धाको आँखा भनेर जान्नु ।।
सीपमूलक तालिम सिकाउछ यसले ।
महिला सहभागी गराउछ जसले ।।
फलोस फूलोस् है मुक्तिनाथ ।
महिलाको जीवन हो मुक्तिनाथ ।।

केन्द्र नः ४७६०, स.न. ०१.१, पकवादी- २, गेजा टेक्रे, स्याङ्गजा
मुक्तिनाथ बिकास बैंक डेस्क कार्यालय गल्याङ्ग

बैंकको सुनचाँदी कर्जा तथा लकर सुविधा सेवा सुरू

बैंकले बैंकिङ्ग कार्यक्रमको विकास र प्रबर्द्धन गर्न विभिन्न समयमा विभिन्न प्रकारका नयाँ योजना ल्याई कार्यक्रमको गुणस्तर, सुशासन, ब्यवस्थापन तथा क्षमता अभिबृद्धि गर्दै आएको छ। यसै क्रममा मुख्य शाखा कार्यालय पृथ्वीचोकले ग्राहकहरूको माग अनुसार सुनचाँदी कर्जा तथा लकर सुविधा २०७० असोज १ देखि शुरुवात गरेको छ भने क्रमश : अन्य शाखाबाट पनि यस्ता सेवा सुरू गर्ने योजनामा रहेको छ।

"निराशाको अन्तिम विन्दु पतन वा मृत्यु हो ।"

तालिम

तालिम तथा गोष्ठीमा सहभागिता

मुक्तिनाथ विकास बैंकले कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरूप समय समयमा कर्मचारीहरूलाई विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमणहरूमा सहभागी गराउँदै आएको छ। २०७० बैशाखदेखि आश्विन मसान्तसम्म गरिएका मुख्य कार्यक्रमहरू यस प्रकार छन् ।

१. **Savings Banks Foundation For International Cooperation (SBFIC)** द्वारा २०७०/०२/१९ देखि २०७०/०२/२८ सम्म पोखरामा संचालित १० दिने **Micro Business Simulation & Training of Trainers** तालिममा ईकाइ कार्यालय छारेपाटनको ईकाइ प्रमुख श्री सरीता ढकाल, डेस्क कार्यालय पृथ्वीचोकका डेस्क प्रमुख श्री शर्मीला लम्साल र कास्की जिल्लाका अनुगमन अधिकृत श्री नविन प्याकुरेल सहभागी हुनु भएको थियो ।

२. रूरल माईक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर लि. द्वारा २०७०/०३/१८ देखि २०७०/०३/२० सम्म आयोजित ३ दिने **Credit Appraisal** तालिममा बैंकका अनुगमन प्रमुख श्री डोलराज शर्मा र स्याङ्गजा जिल्ला अनुगमन अधिकृत श्री हरिकृष्ण जोशी सहभागी हुनु भएको थियो ।

३. **Habitat for Humaniy International Nepal** ले २०७०/०४/१६ मा आयोजना गरेको **"Meaningful Life through Housing Summit 2013"** मा यस बैंकका लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत र मानव संसाधन ईकाइ प्रमुख श्री विश्व राज घिमिरे सहभागी हुनु भएको थियो ।

४.सेन्टर फर माईक्रोफाईनान्स द्वारा २०७०/०४/२८ देखि २०७०/०४/३२ सम्म आयोजित ५ दिने **Management of MFIs** तालिममा ईकाइ कार्यालय अर्घौंका ईकाइ प्रमुख श्री रेशम न्यौपाने, डेस्क कार्यालय डुम्रेका डेस्क प्रमुख श्री खेम नारायण रेग्मी र डेस्क कार्यालय गगनगौडाका डेस्क प्रमुख श्री तेज बहादुर गिरी सहभागी हुनु भएको थियो ।

५. स्ट्याण्डर्ड चार्टड बैंक नेपाल र रूरल माईक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.द्वारा **MicroSave** को प्राविधिक सहयोगमा २०७०/०५/१३ र १४ मा आयोजित **Risk Management of MFIs** विषयक गोष्ठीमा लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत सहभागी हुनु भएको थियो ।

Integrated Development Foundation (IDF) तथा रूरल माईक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. द्वारा २०७०/०६/०२ देखि २०७०/०६/११ सम्म आयोजित १० दिने बंगलादेशका सफल लघुबित्त संस्थाहरुको अवलोकन भ्रमण कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री भरत राज ढकाल सहभागी हुनु भएको थियो ।

६.सेन्टरफरमाईक्रोफाईनान्सद्वारा२०७०/०५/१७देखि२०७०/०५/२१ सम्म आयोजिते ५ दिने **Branch Management** तालिममा डेस्क कार्यालय भिमादका डेस्क प्रमुख श्री भिम लाल पौडेल, डेस्क कार्यालय स्याङ्गजाका डेस्क प्रमुख श्री नगेन्द्रराज पौडेल र डेस्क कार्यालय बगरका डेस्क प्रमुख श्री दमन प्रसाद पोख्रेल सहभागी हुनुभएको थियो ।

७. रूरल माईक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. द्वारा २०७०/०६/०८ र ९ गते आयोजित साझेदार संस्थाहरुको बार्षिक समीक्षा गोष्ठीमा बैंकका अध्यक्ष श्री मीन प्रसाद गुरूङ्ग, संचालक श्री खीम प्रकाश मल्ल र लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत सहभागी हुनु भएको थियो । उक्त कार्यक्रम हुनु अगाडि आयोजक संस्थाको पहलमा विभागिय प्रमुख श्री राउतको नेतृत्वमा सिर्जना विकास केन्द्र, पोखरा, मैत्री बहुउद्देश्यी सहकारी संस्था लि. तम्घास गुल्मी र साना किसान कृषि सहकारी संस्था लि. सेमलार रूपन्देहीका कार्यालय प्रमुख सहितको टोलीले चारतारे युवा क्लब, बाग्लुङ्गको खर्वाङ्ग शाखाको अध्ययन गरी प्रस्तुतिकरण गरिएको थियो ।

८. निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम लि. को आयोजनामा २०७० आषाढ १ गते पोखरामा सञ्चालित पशु तथा कर्जा सुरक्षण बिमा विषयक कार्यशाला गोष्ठीमा लघुवित्त विभागका मानव संसाधन तथा सञ्चालन ईकाइ प्रमुख श्री विश्वराज घिमिरे सहभागी हुनुभएको थियो ।

९. सेन्टर फर माईक्रोफाईनान्सद्वारा २०७०/०६/०७ देखि २०७०/०६/११ सम्म आयोजित ५ दिने **Human Resource Management** विषयक तालिममा लघुवित्त विभागका सहायक प्रबन्धक श्री विश्वराज घिमिरे र केन्द्रीय कार्यालयका अधिकृत श्री ऋषि ढकाल सहभागी हुनु भएको थियो ।

१०. **Savings Banks Foundation For International Cooperation (SBFIC)** द्वारा २०७०/०५/२४ देखि २०७०/०५/२६ सम्म पोखरामा सञ्चालित **Individual MicroLending** तालिममा ईकाइ कार्यालय छोरेपाटनको कनिष्ठ सहायक श्री विनोद पराजुली, डेस्क कार्यालय पृथ्वीचोकका कनिष्ठ सहायक श्री ज्योति गुरूङ्ग र डेस्क कार्यालय गगनगौंडाका कनिष्ठ सहायक श्री सुनिता मल्ल सहभागी हुनु भएको थियो ।

११. यस बैंकका कर्जा फाँटमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई मिति २०७० भाद्र १५ गते **Credit Appraisal** सम्बन्धी तालिम पोखरामा सम्पन्न भयो ।

१२. बैंकिङ्गतर्फ ग्राहकसेवा तथा लेखा विभागमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई २०७० असोज १२ गते **Customer Service and General Banking** सम्बन्धी एक दिने तालिम पोखरामा सम्पन्न भयो ।

१३. संस्थाले कर्मचारीको दक्षता अभिवृद्धिको लागि फिल्डमा सेवा प्रदान गर्ने कर्मचारीहरूलाई लक्षित गरी दुई वटा आधारभूत लघुवित्त व्यवस्थापन तालिम २०७० भाद्र २७-२८ र ३०-३१ गते कृषि अनुसन्धान केन्द्र लुम्ले कास्कीमा सञ्चालन गरेको थियो ।

लघुवित्त विभाग अन्तरगत डेस्क/इकाई/उपशाखा कार्यालयहरूमा फिल्डस्तरमा कार्यरत कर्मचारीहरूको ज्ञान, क्षमता र दक्षतामा अभिपवृद्धि गराई लघुवित्त कार्यक्रमलाई गुणात्मक बनाउनेउद्देश्य रहेको थियो । उक्त तालिम कार्यक्रममा ५५ जना कर्मचारीको सहभागिता थियो । कार्यक्रममा विभागका लघुवित्त प्रमुख श्री गोविन्द बहादुर राउत, सहायक प्रबन्धक श्री विश्वराज घिमिरे, अधिकृत श्री डोलराज शर्मा, सहायक अधिकृत श्री राजेन्द्र पाण्डे, सहायक अधिकृत श्री नवीन प्याकुरेल र सहायक अधिकृत श्री हरिकृष्ण जोशीले सहजीकरण गर्नुभएको थियो ।

हार्दिक बधाई
तथा
शुभकामना

मुक्तिनाथ विकास बैंक लिमिटेड
Muktinath Bikas Bank Limited
केन्द्रीय कार्यालय, पोखरा

आन्तरीक लेखा परिक्षण प्रमुख श्री उज्जल कुमार तिमिल्सीना २०७० श्रावण ०१ गतेबाट लागु हुने गरी सहायक प्रबन्धकबाट नायव प्रबन्धकमा बढुवा हुनु भएकोमा बधाई छ साथै बैंकको आ.व. २०६९/७० को कर्मचारी मूल्याङ्कनको आधारमा रहेर लघुवित्त बिभाग अन्तरगत अस्थायी सेवामा रहेका कर्मचारी श्री शान्ती सीग्देल, श्री नोनमाया गुरूङ्ग, श्री प्रशुनारायण माझी, श्री ज्ञानुमाया थापा, श्री संगिता तिवारी, श्री नारायणप्रसाद अधिकारी, श्री बालकृष्ण रेग्मी, श्री शर्मिला पौडेल, श्री गोबिन्द प्रसाद थापा, श्री गणेश भण्डारी, श्री बिष्णु प्रसाद ढकाल, श्री रेणु कुमारी थापा, श्री विवेक पौडेल र श्री ज्योति गुरूङ्ग २०७०/०७/०१ देखि स्थायी भएकोमा बधाई छ ।

कविता

✍ सबीना आले

शिखरमै पुग्नु पर्छ मुक्तिनाथ तिमी ।
मुक्तिनाथ शिखरको चुचुरोमा बिताउ जुनी जुनी ॥
पाईला अभै अघि चाल नयाँ नयाँ ठाउँमा ।
भित्र भित्रै छिर्न सकोस् सुन्दर ती गाउँमा ॥

छर्न सके आफ्नो नाउँ टार्न सके खाँचो ।
हाँसी हाँसी बाचाई राखोस् जनताको नासो ॥
दिप जस्तै बलिरहोस जुन ठाउँ जहाँ नी ।
जनताले सदैव सम्झि राखुन मुक्तिनाथ भनी ॥

गाउँदेखि शहर सम्म मुक्तिनाथ छायो ।
गरिबदेखि धनी सम्म सेवा गर्दै आयो ॥
बालकदेखि बृद्ध सम्म बचत गराई दियो ।
लघुवित्त कार्यक्रमले महिला सेवा दियो ॥

यिनै गीत लेख्छु म मुक्तिनाथको ।
सधै भरी प्रगति बुन्छु म मुक्तिनाथको ॥
जहाँ गए'नी गीत सुन्छु म मुक्तिनाथको ॥।
जहाँ गए'नी गीत सुन्छु म मुक्तिनाथको ॥।

सदस्य नं. : ४८१०.०२.२
पिपलडाँडा-६, गाहाटोल, पाल्पा
मुक्तिनाथ विकास बैंक डेस्क कार्यालय गल्याङ्ग

मुक्तिनाथमा सदस्य बन्नुस्

✍ बिपना बास्तोला

खुशी बल्ल देशमा छायो है ।
बचत गरौं मुक्तिनाथ आयो है ॥
धनी गरीब सबैलाई समान ।
सजिलो छ अब त जमाना ॥
आफ्नो लागि गर्ने हो बचत ।
अनि बल्ल भविष्य हुन्छ त ॥
के छ त नि हजुरको सुरू ।
बचत गरौं भएर मञ्जुर ॥
बैंकबाट धेरै ऋण लिएर ।
नहिड है धोका चाहि दिएर ॥
सत्य बोलौं परिश्रम गरौन ।
सरसफाईमा अगाडी बढौंन ॥
अन्याय त गर्ने होईन नि ।
अरूले गरसहने छैनौ नी ॥
मनमा ला'का कुरालाई भन्नुहोस ।
मुक्तिनाथमा सदस्य बन्नुहोस ॥

केन्द्र नं. : ३४०१
कल्पना मुक्तिनाथ महिला विकास केन्द्र
पुरन्चौर-१, ठाँटी, कास्की

सामाजिक कार्यमा मुक्तिनाथ विकास बैंक

संस्थागत सामाजिक सुरक्षामा मुक्तिनाथ विकास बैंकको सहभागिता

बैंकले संस्थागत सामाजिक सुरक्षा अन्तरगत वडा प्रहरी कार्यालय बैदाम, पोखरालाई ६ थान साइकल वितरण गरेको छ। बैंकको केन्द्रीय कार्यालयको प्राङ्गणमा आयोजित एक कार्यक्रममा बैंकका अध्यक्ष श्री मिन प्रसाद गुरूङ्गबाट जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक श्री सन्तोष खड्कालाई ६ थान साइकलको साँचो र साईकल हस्तान्तरण गर्नुभयो । उक्त कार्यक्रममा वडा प्रहरी कार्यालय बैदामका प्रमुख श्री झविन्द्र भट्टराई समेतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्रमुखबाट सुरक्षाका दृष्टिकोणमा मुक्तिनाथको योगदानको प्रशंसा गर्नुभएको थियो ।

प्रदान गरिएका साइकलका साथमा सुरक्षाकर्मी

हार्दिक श्रद्धाञ्जली

जन्म :
वि.सं. १९८९ श्रावण

स्वर्गारोहण :
वि.सं. २०७० श्रावण २१

स्व.लक्ष्मी भट्ट

यस बैंकको लघुवित्त डेस्क कार्यालय चापाकोट स्याङ्गजाका डेस्क प्रमुख श्री यादब प्रसाद भट्टको ममतामयी माता लक्ष्मी भट्ट को स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना व्यक्त गर्दछौ ।

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED परिवार

गोष्ठी

वार्षिक समीक्षा तथा बजेट तर्जुमा गोष्ठी सम्पन्न

बैंकले आ.व. २०६९/०७० को बार्षिक बजेट तथा कार्यक्रम समीक्षा र आ.व. २०७०/०७१ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गोष्ठी २०७० आषाढ १३ र १४ गते लुम्ले, कास्कीमा सम्पन्न गरेको छ। उक्त गोष्ठी आधुनिक बैंकिङ्ग र लघुवित्त विभागका सम्पूर्ण शाखा/डेस्क, ईकाइ र उपशाखा कार्यालयका प्रमुखहरु तथा केन्द्रीय कार्यालयका प्रतिनीधिको उपस्थितिमा छुट्टा छुट्टै गरी सम्पन्न भएको थियो। गोष्ठीमा लघुवित्त कार्यक्रममा देखिएका समस्याहरु जस्तै : सदस्य दोहोरोपना, अधिक ऋण भारको कारण असूलीमा आइरहेको समस्याको बारेमा छलफल गरी आगामी दिनमा संस्थालाई जिम्मेवार लघुवित्त कार्यक्रम संवाहकको रूपमा अगाडी बढाउने र आगामी कार्य योजनालाई परिणाममुखी बनाउन गोष्ठीले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा राखिएको छ।

गोष्ठीको समापन कार्यक्रम आधुनिक बैंकिङ्गका शाखा प्रमुखहरु तथा लघुवित्त विभाग अन्तरगतका सबै सहभागीहरुको संयुक्त रूपमा गरिएको थियो। समापन मन्तव्यमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री भरत राज ढकालले दुवै क्षेत्रमा कार्यरत कर्मचारीहरुमा आपसी भाईचाराको सम्बन्ध थप बढेको अपेक्षा राख्नु भएको थियो। बैंकले आयोजना गरेको गोष्ठी सफल भएको र २०७१ साल आषाढ मसान्त सम्मको लक्ष्य अनुरूप कार्य सम्पादन हुनेमा विश्वस्त हुदै कर्मचारीको मनोवल बढाउनमा संस्था हरदम लागि पर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

मुक्तिनाथ विकास बैंक लि.

वास्तविक तथा अनुमानित विवरण

क्र. सं.	विवरण	२०६९ आषाढ मसान्त (वास्तविक)	२०७० आषाढ मसान्त (वास्तविक)	२०७१ आषाढ मसान्त (अनुमानित)	खुद वृद्धि (आगामी वर्ष)
१	कुल कर्मचारी	१३८	१५२	१८२	३०
२	कुल फिल्ड कर्मचारी	७५	७९	११३	३४
३	कुल सदस्य	४३,४५२	४७,८१२	६०,९६७	१३,१५५
४	कुल ऋणी सदस्य	२५,७४२	३२,०७३	४४,१०६	१२,०३३
५	कुल बचत मौज्दात (रु.)	३५९,८६९,०५९	५४,९९,२६,४६५	६२,३४,७७,७७४	७,३५,५१,३०९
६	कुल लगानीमा रहिरहेको रकम (रु.)	५३८,०८३,६८०	६९,४६,२९,८६१	९६,७८,६१,१९९	२७,३२,३१,३३८
७	कुल नाफा (रु.)	३९,३३३,५२७	३,६७,२९,५४१	३,८९,६५,१८६	२२,३५,६४५
८	अनुपात विश्लेषण				
९	प्रति फिल्ड कर्मचारी सदस्य	५७९	६०५	५४०	(६५)
१०	प्रति फिल्ड कर्मचारी ऋणी सदस्य	३४३	४०६	३९०	(१६)
११	प्रति फिल्ड कर्मचारी लगानीमा रहेको (रु.)	७,१७४,४४९	८७,९२,७८३	८५,६५,१४३	(२, २७,६४०)
१२	सदस्य र ऋणी सदस्यको अनुपात	५९%	६७%	७२%	(०.०५)%
१३	बचत ऋण अनुपात	६७%	७९%	६४%	(०.१५)%

भ्रमण

बैंकले लघुवित्त कार्यक्रमको विकास र प्रबर्द्धन गर्न विभिन्न समयमा विभिन्न प्रकारका गोष्ठी र तालिम संचालन तथा स्थलगत अवलोकन भ्रमण गरी कार्यक्रमको गुणस्तर, सुशासन, ब्यवस्थापन तथा क्षमता अभिबृद्धि गर्दै आएको छ। सोही अनुरूप बैंकले हाल पहाडी भेगमा संचालन गरी रहेको कार्यक्रममा थप सुधार गरी ग्राहक सुहाउँदो उपयुक्त पद्धतीको अध्ययन गर्ने सीलसीलामा स्वावलम्बी समूह पद्दती कार्यक्रमको बारेमा अध्ययन अवलोकन भ्रमण कार्य सम्पन्न गरेको छ।

भ्रमणमा बैंकका अध्यक्ष श्री मिन प्रसाद गुरूङ्ग, प्रमुख कार्यकारी अधिकृत श्री भरतराज ढकाल र विभागिय प्रमुख श्री गोविन्द बहादुर राउतले निर्धन उत्थान बैंक लि. फिक्कल शाखा, ईलाम, सल्भ नेपाल धनकुटा, ग्रामीण महिला उत्सुकता विकास मञ्च दुहबी सुनसरी र जीवन विकास समाज बिराटनगर, मोरङ्गको नवीनतम पद्धतीको अध्ययन भ्रमणमा सहभागी हुनु भएको थियो।

यसैगरी लघुवित्त विभागका अनुगमन अधिकृत श्री डोलराज शर्मा, लेखा तथा सूचना प्रविधि ईकाइ प्रमुख श्री राजेन्द्र पाण्डे, अनुगमन अधिकृत श्री हरिकृष्ण जोशी, भिमाद डेस्क प्रमुख श्री भिमलाल पौडेल, उपशाखा कार्यालय बिरूवा प्रमुख श्री लक्ष्मण गौतम र उपशाखा कार्यालय मिर्मी प्रमुख श्री राजेश ढकाल निर्धन उत्थान बैंक लि. कोहलपुर बाँके शाखा र छिमेक लघुवित्त विकास बैंक लि. कोहलपुर बाँके शाखाको भ्रमणमा सहभागी हुनुभएको थियो।

सोही अध्ययनको अनुभव अनुसार हाल बैंकले बाग्लुङ्ग डेस्क कार्यालयबाट मुक्तिनाथ सामुदायिक विकास केन्द्र नामक नयाँ पद्धतीमा लघुवित्त सेवा प्रदान गर्ने परिक्षण गरी रहेको छ। उक्त पद्धतीको अनुभवलाई सुधार गर्दै बैंकले थप अन्य कार्यालयहरुमा समेत विस्तार गर्दै लैजाने योजना बनाएको छ।

सातौं साधारणसभाबाट सम्मानित तथा पुरस्कृत हुने केन्द्रहरू

गत आर्थिक वर्ष २०६९/७० को वार्षिक कार्यक्रम अनुसार बैंकको लघुवित्त तर्फका २० वटा कार्यालयमा गठन भएका केन्द्रहरूमध्ये वार्षिक केन्द्र प्रमुख गोष्ठीमा आ-आफ्नो कार्यालयबाट उत्कृष्ट हुन सफल केन्द्रहरूमध्येबाट बैंकको सातौं वार्षिक साधारणसभामा उत्कृष्ट केन्द्रहरु मध्येबाट प्रथम, द्वितिय, तृतिय र सान्त्वना-२, गरी जम्मा पाँच केन्द्रलाई पुरस्कृत तथा सम्मान गर्ने वार्षिक कार्यक्रम रहेकोमा प्रथम स्थानमा अनदुफेवा मुक्तिनाथ महिला विकास केन्द्र, (पुम्दीभुम्दी गा.वि.स.-१, कास्की)

छोरेपाटन, द्वितिय स्थानमा मिलनसार मुक्तिनाथ महिला विकास केन्द्र, (भानुमति गा.वि.स.-३, तनहूँ) भिमाद, तृतिय स्थानमा मनकामना मुक्तिनाथ महिला विकास केन्द्र, (मनकामना गा.वि.स.-२, स्याङ्गजा) विरूवा, सान्त्वना पुरस्कार नमुना मुक्तिनाथ महिला विकास केन्द्र, काहूँखोला र पुष्पाञ्जली मुक्तिनाथ महिला विकास केन्द्र, (गेजा गा.वि.स.-८, पाल्पा) चापाकोटलाई क्रमशः नगद पुरस्कार नौ हजार, सात हजार, पाँच हजार र तीन-तीन हजार रूपैयाँ र प्रमाण पत्र प्रदान गरी पुरस्कृत तथा सम्मानित गरिनेछ।

लघुवित्त कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधा

१. कर्जा सेवाहरू :

क्र. सं.	कर्जाको प्रकार	व्याज दर %	अवधि	अधिकतम कर्जा सीमा (रू.)	सेवा शुल्क %
१	साधारण कर्जा	२०	१ देखि २ वर्ष	१,५०,०००/-	१
२	विशिष्ट सदस्य विशेष कर्जा	२०	१ देखि २ वर्ष	१,५०,०००/-	२
३	ब्यवसायिक कर्जा	२०	१ देखि २ वर्ष	१,५०,०००/-	२
४	उर्जा कर्जा	१६	३ वर्ष	१,५०,०००/-	२
५	आकस्मिक कर्जा	२०	१ वर्ष	१५,०००/-	१
६	लघुउद्यम कर्जा	१६	१ देखि ५ वर्ष	४,००,०००/-	२
७	घर घडेरी कर्जा	१६	१ देखि ५ वर्ष	४,००,०००/-	२
८	वैदेशिक रोजगार कर्जा	१६	१ देखि ५ वर्ष	१,५०,०००/-	२
९	दुग्ध ब्यवसाय प्रबर्द्धन कर्जा	२०	१ देखि २ वर्ष	१,५०,०००/-	१

नियमित ब्याज बुझाई कर्जा चूक्ता गरेमा बुझाएको कुल ब्याज रकमको ५ प्रतिशत ब्याज छुट प्रदान गरिनेछ ।

२. बचत सेवाहरू :

क्र. स.	बचतको प्रकार	न्यूनतम मौज्दात	व्याज दर %	कैफियत
अनिवार्य बचत				
१.	समूह बचत	१००/-	७	
२.	केन्द्रकोष बचत	साधारण कर्जाको ५%	७	मुक्तिनाथ पेन्सन बचत खाता नखोलेमा
३.	उपकार कोष बचत	५/-	७	
ऐच्छिक बचत				
१.	मुक्तिनाथ पेन्सन बचत#	५०/- देखि ४००/-	५	बीचमा समूह छाडेमा ५% ब्याज पाईन्छ
२.	ब्यक्तिगत बचत	१००/-	७	
३.	पर्व बचत	१००/-	७	
आवधिक बचत				
१.	छ महिने	१००/-	७	
२.	एक वर्षे	१००/-	७	
३.	ऐच्छिक	१००/-	७	कबोल गरेको अवधि सम्म
मुद्दती निक्षेप				
क)	६ महिने	५,०००/-	८.५	मुद्दती रसिद धितो राखी निक्षेपकर्ताले पाउने ब्याज दरमा थप २% ब्याज तिरी मुद्दती खातामा रहेको रकमको ९०% सम्म कर्जा पाईनेछ ।
ख)	९ महिने	५,०००/-	८.७५	
ग)	एक वर्षे	५,०००/-	९-९.५	
घ)	दुई वर्षे	५,०००/-	९.५-१०	
ङ)	स्पेशल १ वर्षे	५०,००,०००/-	१०	
च)	संस्थागत मुद्दती	१०,००,०००/-	आपसी छलफलबाट	

#मुक्तिनाथ पेन्सन बचतमा प्राप्त हुने सुविधा तालिका

प्रति महिना बचत गर्नुपर्ने दर	१० बर्षे योजना		१५ बर्षे योजना	
	बचतकर्ताले जम्मा गर्ने कुल रकम रु.	प्राप्त हुने एकमुष्ठ सुबिधा रकम रु.	बचतकर्ताले जम्मा गर्ने कुल रकम रु.	प्राप्त हुने एकमुष्ठ सुबिधा रकम रु.
रू. ५०/-	६,०००/–	९,०००/–	९,०००/–	१८,०००/–
रू.१००/-	१२,०००/–	१८,०००/–	१८,०००/–	३६,०००/–
रू.१५०/-	१८,०००/–	२७,०००/–	२७,०००/–	५४,०००/–
रू.२००/-	२४,०००/–	३६,०००/–	३६,०००/–	७२,०००/–
रू.४००/-	४८,०००/–	७२,०००/–	७२,०००/–	१,४४,०००/–

३. सामाजिक सुरक्षा सेवा :

बैंकले सदस्यहरुको विपत्तीमा थोरै भएपनि राहत प्रदान गर्न तपशिल बमोजिमका सामाजिक सुरक्षा सेवाहरुको ब्यवस्था गरेकोछ ।

क्र.स.	सामाजिक सेवा राहत शिर्षक	राहत रकम रु.	कैफियत
१	कर्जा लिएको सदस्यको मृत्यु भएमा	बाँकी कर्जा रकम मिन्हा	
२	सुत्केरी खर्च (बढीमा २ सन्तानसम्मको लागि मात्र)	रू.१,०००/-	एकपटक कर्जा लिएको हुनुपर्ने
३	सदस्यका पतिको मृत्यु भएमा	रू.१,५००/-	
४	बाढी पहिरो (जनधनको क्षति भएमा)	रू.२,०००/- देखि रू.५,०००/- सम्म	
५	आगलागी (जनधनको क्षति भएमा)	रू.२,०००/- देखि रू.५,०००/- सम्म	
६	चट्याङ्ग (जनधनको क्षति भएमा)	रू.२,०००/- देखि रू.५,०००/- सम्म	

४. रेमिट्यान्स सेवा :

स्वदेश तथा विदेशबाट आफन्तहरुले विभिन्न रेमिट्यान्स कम्पनीहरुबाट पठाएको रकम प्राप्त गर्न आन्तरिक तथा बाह्य रेमिट्यान्स सेवा प्रदान गरिएको छ ।

प्रमुख सल्लाहकार : श्री भरतराज ढकाल | सल्लाहकार : श्री तिल बहादुर गुरुङ्ग
प्रमुख सम्पादक : श्री गोविन्द बहादुर राउत | सम्पादक/संकलक : श्री नविन प्याकुरेल